जि.का.सप्तरी द.नं. १(२०३९/०६/१८)-०३९/०४०
# नवीन साप्ताहिक
म.जि.हु.का.द.नं. ६/०६४/०६५
वर्ष ४२ अंक २२ २०८० साल पुस २२ गते आइतवार (7 Jan. 2024 Sunday) मूल्य रु. ७/-

**शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले सावधानी अपनाऔं ।**

*यस अंक भित्र* – **पृष्ठ २ मा :** निर्माण व्यवसायीको चुनावी ... **पृष्ठ ३ मा :** जलवायु परिवर्तन र मानव ... **पृष्ठ ४ मा :** स्वास्थ्य बीमा कार्यक्रमको ... **पृष्ठ ५ मा :** गाजामा युद्ध अन्त्य गर्न ...

## एक करोड मुल्य बराबरको गाजा बरामद



**राजविराज**/सप्तरी प्रहरीले ठूलो परिमाणको प्रतिबन्धित लागुऔषध गाजा बरामद गरेको छ । जिल्ला प्रहरी कार्यालय सप्तरीले शनिबार पत्रकार सम्मेलनको आयोजना गरि एक करोड मुल्य बराबरको १ हजार ६ किलो गाजा बरामद गरेको जानकारी दिएको छ । सप्तरी प्रहरीले यति ठूलो परिमाणमा प्रतिबन्धित लागु औषध बरामद गरेको यो पहिलो पटक हो ।

बिशेष सूचनाको आधारमा प्रहरीले पूर्वपश्चिम राजगमार्ग अन्तरगत खडक नगरपालिका ७ कल्याणपुर खण्डमा शुक्रबार राती बालुवा गिटी बोक्ने को.१ख. ५८३१ नम्बरको टिपरलाई रोकेर चेकजाँच गर्दा बालुवा भित्र २८ वटा बोरामा लुकाइराखिएको १ हजार ६ केजी प्रतिबन्धित लागु औषध गाजा बरामद गरिएको पत्रकार सम्मेलनमा प्रहरी उपरिक्षक गजुसिद्धि बज्राचार्यले जानकारी दिए ।

पक्राउ परेका टिपर चालक धनुकुटा सहिदभूमी गाउँपालिका ४ बस्ने ३२ वर्षिय विशेष राईको साथबाट १ लाख रुँपैया नगद तथा दुई थान मोबाइल समेत बरामद गरिएको प्रहरी उपरिक्षक बज्राचार्यले बताए । पक्राउ परेका चालक उक्त टिपरका साहु समेत हुन् । उनले अपराध स्वीकार गरेको प्रहरीको भनाई छ ।

बरामद गाजाको नेपाली बजारमा एक करोड तथा भारतीय बजारमा चार करोड मुल्य पर्ने प्रहरीले अनुमान गरेको छ । नेपाली बजारमा प्रति केजि १० हजारसम्ममा पाइने गाजा भारतीय बजारमा भने २५ देखी ३० हजार प्रति केजिका दरले बिक्रि हुने गरेकोले तस्करहरु विभिन्न उपाय निकालेर यस्तो काम थालेको जानकारी आएपछि शंकास्पद स्थानहरुमा निगरानी कडा पारिएको प्रहरीले जनाएको छ ।

गोप्य सूचनाको आधारमा इलाका प्रहरी कार्यालय कल्याणपुर र जिल्ला प्रहरी कार्यालयबाट खटेको संयुक्त टोलीले उक्त गाजा बरामद गरेको प्रहरीको भनाई छ ।

## श्रोत नखुलेको ५ लाख भन्दा बढी भारतीय रकमसहित एक पक्राउ



**राजविराज**/प्रहरीले श्रोत नखुलेको भारतीय ५ लाख २९ हजार ९ सय ७० रुँपैयासहित शुक्रबार साँझ एक भारतीय नागरिकलाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा भारत बिहार राज्यको मधुवनी नगर निगम वडा ३ निवासी २५ वर्षिय संजयकुमार यादव छन् ।

उनलाई शनिबार पत्रकार सम्मेलनको आयोजना गरि

*बाँकी अन्तिम पृष्ठमा*

## यौन धन्दामा संलग्न दुई युवतीसहित सातजना पक्राउ

**राजविराज**/सप्तरीको डाक्नेश्वरी नगरपालिका ५ पातो बजारस्थित कुनाल कोल्ड स्टोर्स एण्ड होटलबाट यौन धन्दामा संलग्न रहेको आरोपमा दुई युवतीसहित सात जनालाई प्रहरीले पक्राउ गरको छ ।

होटलमा यौन धन्दा हुने गरेको सूचनाको आधारमा शुक्रबार साँझ जिल्ला प्रहरी कार्यालय तथा इलाका प्रहरी कार्यालय पातोबाट खटिएको संयुक्त टोलीले होटमा छापा मारि आपत्तिजनक अवस्थामा दुई युवतीसहित सात जनालाई पक्राउ गरेको प्रहरीले जनाएको छ ।

पक्राउ परेका ती दुबै युवती नेपाली हुन भने पाँच जना पुरुष मध्ये दुई जना भारती नागरिक रहेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता डिएसपी ढुण्डिराज नेउपानेले जानकारी दिए ।

प्रहरी आएको देखेर होटल संचालक भने फरार भएको र उनको खोजि कार्य भइरहेको उनले बताए । पक्राउ परेकाहरुलाई नियन्त्रणमा राखि थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

## शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (ब्यवस्था) गरौं ।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं ।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं ।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं ।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं ।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं ।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं ।
- चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं ।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं ।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको ब्यवस्था मिलाऔं।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं ।

**अनुरोधकर्ता**
**छिन्नमस्ता गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी**

## जाडोको समयमा चिसोबाट बचौं

- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ वाक नगरौं,
- चिसोमा बाहिर हिंड्दा बाक्लो कपडा लगाऔं,
- दैनिक घाम ताप्ने गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### मानव मानवलाई हेर्ने दृष्टिमा फरक कीन !

विभिन्न खाले भेदभाव कायमै रहँदा मुलुकलाई सबैको साझा थलोका रुपमा विकास गर्न भने निकै गाह्रो रहेको छ । भेदभाव मानव सभ्यता माथिको कलंक हो । नेपाल जस्तो विकासशील देशमा मात्र नभई विकसित मुलुकहरुमा समेत जात, धर्म, लिङ्ग, रंग भेद जस्ता भेदभावहरु कायमै रहेको छ । कहीं जातजातिका आधारमा कसैसँग भेदभाव गरिँदैछ भने कहीं लिङ्गका आधारमा विभेद गरिदै छ ।

हाम्रो मुलुकको संविधानले कुनै पनि व्यक्तिसँग कुनै आधारमा विभेद गरिदैन भनेको छ । त्यसका आधारमा विभिन्न ऐन, कानून र नियमावलीहरु समेत निर्माण नभएका होइनन् । तर, अहिले पनि धार्मिक रुपमा, जातिय रुपमा, लैङ्गिक रुपमा आदि विभेदहरु कायमै रहेका छन् । यस्ता विभेद कानूनी रुपमै दण्डनीय भएपनि व्यवहारमा अहिले पनि यस्ता भेदभावका घटनाहरु हाम्रा सामु आई नै रहन्छन् । हाम्रो मुलुक विकासतर्फ लम्किरहेको मुलुक हो । देशमा भर्खर संघियताको अभ्यास हुन थालेको छ । गाउँगाउँमा सिंहदरबार पुगेको अवस्था छ । यस्तो अवस्थामा पनि विभिन्न खाले विभेद कायमै रहनु दुखद हो । जात, धर्म, लिङ्ग, वर्ण आदिका रुपमा विभेद अहिले पनि कायमै रहनु भनेको हाम्रो पछौटेपनाको द्योतक हो ।

तसर्थ हामी एक्काइसौं शताब्दीमा छौं, आफ्नो मनमस्तिष्कलाई रुढिवादिताबाट मुक्त गरौं र सबैसँग सहकार्य गर्दै मुलुक बनाऔं । मानवलाई मानवकै दृष्टिमा हेर्ने प्रयास गरौं ।

# निर्माण व्यवसायीको चुनावी सरगर्मी बढ्यो

**राजविराज**/निर्माण व्यवसायी संघ सप्तरीको १३ औं वार्षिक साधारण सभा एवं अधिवेशनको उद्घाटन समारोह सम्पन्न भएपछि चुनावी सरगर्मी बढेको छ ।

सम्पन्न अधिवेशनले निर्वाचन मितिको टुङ्गो लगाएसँगै चुनावी सरगर्मीले निर्माण व्यवसायी बीच माहोल तातेको हो । अगामी तीन वर्षे कार्यकालका लागी नयाँ नेतृत्वको चयन गर्ने भएकाले निर्माण व्यवसायीमा चुनावी सरगर्मीले माहोल तातेको छ ।

साधारण सभाले पुस २७ गते मनोनयन पत्र दर्ता तथा माघ ६ गते शनिवार निर्वाचन मिति तोकेको छ । संघमा करिब ३ सय ५० मतदाता छन । निर्वाचनका लागि संघका पूर्व अध्यक्ष रामअशिष प्रसाद साहको संयोजकत्वमा राजकुमार परियार र मो.फैयाज अंसारी सदस्य रहने गरी तीन सदस्यीय निर्वाचन समिति समेत गठन गरिएको छ । उक्त निर्माण समितिमा कानूनी सल्लाहकारमा सतिष कुमार दत्त रहेको संघले जनाएको छ ।

अध्यक्षसहित २१ पदका लागी हुने निर्वाचनको आवश्यक तयारी सुरु गरिसकेको वर्तमान अध्यक्ष एनेश्वर दासले बताए । उनले सदस्यता नविकरणका लागी पुसा २३ गते सम्म अन्तिम म्याद राखिएको र सो पछी आउनेको नविकरण नगरिने निर्णय भएको जानकारी पनि दिए ।

निर्वाचन समितीका संयोजक रामअषिश साहले निर्वाचनका लागी उम्मेदवारले पुस २७ गते मनोनयन पत्र दर्ता गराउने कार्यतालिका तय गरिएको जानकारी दिए । साधारण सभाको उदघाटन गर्दै प्रमुख अथिति नेपाल निर्माण व्यवसायी महासंघका केन्द्रीय अध्यक्ष सिंहले निर्माण व्यवसायीको पेशागत हकहितका लागी मिलेर जानु पर्ने नै उपयुक्त हुने र यसका लागी सर्वसम्मत र सहमतीबाट नयाँ नेतृत्व चयन गर्नु पर्नेमा जोड दिए पनि सहमतिको सम्भावना भने न्यून रहेको र निर्वाचनबाटै यसको टुङ्गो लाग्ने लगभग निश्चित रहेको निर्वाचन गतिविधिलाई नजिकबाट नियाली रहेका निर्माण व्यवसायीहरु बताउँछन ।

नयाँ नेतृत्व कसलाई दिने भन्ने विषयमा चर्चा र छलफल चलिरहेकै बेला वर्तमान प्रथम उपाध्यक्ष सतिष चन्द्र मिश्र, द्वितीय उपाध्यक्ष संतोष दास, महासचिव अमृतलाल साह र अघिल्लो निर्वाचनमा महासचिवका प्रत्याशी रहेका भोगेन्द्र मिश्रले आफू यस पल्ट अध्यक्ष पदका लागी उम्मेदवार बन्ने घोषणा सहित सक्रियता बढाएका छन् ।

मनोनयन दर्ताको दिन सम्म यस बाहेकका थप अध्यक्ष पदका नयाँ अनुहार पनि देखिन सकिने सम्भावना रहेको जानकारहरु बताउँछन् । सबैले निर्माण व्यवसायीले भोग्नु परिरहेको समस्या समाधान, संघलाई साझा संगठन बनाउने तथा निर्माण व्यवसायीको पेशागत हकहित र सम्मानका लागी काम गर्ने प्रतिबद्धता निर्माण व्यसायीहरु माझ राख्ने गरेका छन् ।

यअसघि सम्पन्न सभामा संघका वर्तमान अध्यक्ष एनेश्वर दासको अध्यक्षता तथा निर्माण व्यवसायी महासंघका केन्द्रिय अध्यक्ष रबि सिंहको प्रमुख आतिथ्यमा आयोजित समारोहमा महासंघका प्रथम उपाध्यक्ष एडी लामा, महासचिव रोशन दाहाल, नीतिगत उपमहासचिव शिवहरी घिमिरे, मधेश प्रदेश उपाध्यक्ष कैलाश प्रसाद यादव, उधोग बाणिज्य महासंघका केन्द्रीय सदस्य अरुण प्रधान, नेपाली काँग्रेस सप्तरीका सभापती रामदेव साह, प्रेस स्वतन्त्रता सेनानी बैद्यनाथ झा, जनमतका जिल्ला इन्चार्ज रामगमन साह, जिल्ला समन्वय समिती सप्तरीका प्रमुख शिव नारायण साह लगायतले निर्माण व्यवसायीले भोग्न् परिरहेको पीडा समाधानका लागी राज्यले पहल गर्नु पर्नेमा जोड दिंदै साधारण सभाको सफलताको शुभकामना दिए ।

कार्यक्रममा विभिन्न क्षेत्रका योगदान पुऱ्याए बापत संघको मधेश प्रदेश उपाध्यक्ष कैलाश प्रसाद यादव, संघको संस्थापक अध्यक्ष देवेन्द्र जोशी तथा पुर्व अध्यक्ष कामेश्वर लाल देवलाई प्रमुख अतिथी सिहले कदर पत्रबाट सम्मान गरिएको थियो ।

# उच्च बारको अध्यक्षमा हरेराम यादव बिजयी

**राजविराज**/उच्च अदालत बार एशोसिएशनको अध्यक्षमा लोकतान्त्रिक कानून व्यवसायी समूहका कानुन व्यवसायी हरेराम यादव बिजयी भएका छन् ।

अध्यक्ष यादवले १ सय ३ मत ल्याए भने सिंहले ८६ मत प्राप्त गरे । उनी प्रगतिशिल पेशागत समावेशी कानून व्यवसायी समूहका तर्फबाट उम्मेदवार बनेका बलराम सिंहलाई १७ मतले पराजित गरि बिजयी भएका हुन् ।

दुई वर्षे कार्यकालका लागी हुने एशोसिएशनको निर्वाचनमा कुल २ सय ३ मतदाता रहेकोमा १ सय ९२ मत खसेको थियो ।

लोकतान्त्रिक कानून व्यवसायी समूहबाट अध्यक्षसहित उपाध्यक्ष धमेन्द्र यादव र कोषाध्यक्षमा उमाशंकर देव निर्वाचित भए । सोही प्यानलबाट सदस्यहरुमा डा. संतोष कुमार चमन यादव, दिनेश कुमार सिंह, डा. शिव नारायण यादव, रामचन्द्र मण्डल, राज कुमार साह, नित्यदेव प्रसाद यादव, किसुन देव ठाकुर र कौशल किशोर दत्त निर्वाचित भए । यस्तै प्रगतिशिल पेशागत कानुन व्यवसायी समूहबाट सचिवमा दानो कुमारी चौधरी र सदस्यमा राजकुमार टरैत निर्वाचित भए ।

सह-सचिव पदमा भने दुबै प्यानलबाट उम्मेदवारी नपरेपछी सो पद रिक्त हुन गएको र उक्त पद पछी मनोनयन प्रक्रियाबाट पूर्ती गरिने निर्वाचन समितिले जनाएको छ ।

यसअघि केन्द्रिय पार्षद पदमा डा. देव नारायण यादव, रणधिर कुमार कर्ण, अशोक कुमार झा, बलविर चौधरी, बालाकृष्ण ढुंगाना, मिथलेश चन्द्र लाभ, गुञ्जेश्वर प्रसाद यादव, राम नारायण देव र भुप नारायण यादव निर्विरोध निर्वाचित भइसकेको निर्वाचन समितिका संयोजक धिरेन्द्र कुमार यादवले जानकारी दिए ।

# बन्द रहेको अस्पतालको सामानहरु चोरी

**राजबिराज**/बन्द अवस्थामा रहेको साईकृष्णा अस्पतालका विभिन्न सामानहरु चोरी भइरहेको छ ।

पछिल्लो पटक सोमवार बेलुका ७ बजे केही युवाहरूले अस्पतालको उत्तर पट्टीमा फलामको संरचना चोरी गरेर सिटीमा लोड गरि लाने क्रममा स्थानियले रोकेका थिए । सामानबारे स्थानीयले खोजतलास गर्न थालेपछि ती युवाहरु सामान छोडेर भागेका थिए । स्थानीयले प्रहरीलाई खबर गरेपछि राजबिराज २ स्थित राजदेबी अस्थाई प्रहरी बिटका प्रहरीले ती सामानहरू नियन्त्रणमा लिएको छ ।

लथालिङ अवस्थामा रहेको उक्त अस्पतालको निगरानी गर्ने कोही नरहेकोले दैनिक रूपमा अस्पताल परिसरका सामानहरु चोरी भइरहेको स्थानिय शिक्षिका गिता यादव बताउछिन ।

कुलतमा लागेको युवाहरूले यस क्षेत्रमा हो-हल्ला समेत गर्ने गरेको र समाजको वातावरणमा समेत बिग्रार्ने गरेको यादबको भनाई छ ।


**डा. ललन प्रसाद रौनियार**
**Dr. Lalan Prasad Rauniyar**
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

**डा. सन्तोष प्रसाद शाह**
**Dr. Santosh Prasad Sah**
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

**डा. यमेश यादव**
**Dr. Yamesh Yadav**
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

**डा. सरोज कुमार साह**
**Dr. Saroj Kumar Sah**
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

**डा. जयन्ती यादव**
**Dr. Jayanti Yadav**
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
**कृताञ्जली मेडिकल हँल**
राजविराज
Mo. No : 9842830252, 9804605569



**लामखुट्टेको टोकाईबाट लाग्ने डेंगुका लक्षण तथा यसबाट बच्ने उपाय**

लक्षण
- उच्च ज्वरो आउनु ।
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु ।
- आँखाको गेडी दुख्नु ।
- अत्याधिक टाउको दुख्नु ।
- शरीरमा राता बिमिराहरु आउनु ।

*यस्ता लक्षणहरु देखापरेमा डेंगु हुन सक्छ । तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं ।*

बच्ने उपाय
- लामखुट्टेबाट बच्न पुरै शरीर ढाक्ने लुगा लगाऔं ।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरि झ्याल, ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं ।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं ।
- पानी राखेको भाँडालाई छोपेर राखौं ।
- अध्यँरा कुना-काप्चामा किटनाशक औषधी छर्कने गरौं ।

**डाक्नेश्वरी नगर कार्यपालिकाको कार्यालय**
**पातो, सप्तरी**

# जलवायु परिवर्तन र मानव अधिकारबिचको साइनो

**रितेश पन्थी**

संयुक्त अरब इमिरेट्समा २८ औँ कोप समिट सकिएको छ। जलवायु परिवर्तनको मुद्दामा बहस हुने यो कोप (कन्फरेन्स अफ पार्टिज) प्रत्येक वर्षठ विभिन्न राष्ट्रमा हुने गर्छ। कोप २७ अघिल्लो वर्ष इजिप्टमा भएको थियो। हाल ३० नोभेम्बरदेखि १२ डिसेम्बरसम्म चल्ने कोप २८ मा हालसम्मकै ठुलो २०० राष्ट्रका प्रतिनिधिको उपस्थिति भएको भनिन्छ। यसले के देखाउँछ भने विश्वका राष्ट्रहरू अब जलवायु परिवर्तनको मुद्दालाई लिएर गम्भीर छन्। यस्तो महत्त्वपूर्ण सम्मेलनमा विश्वका दुई आर्थिक र सैनिक महाशक्तिको साथै मुख्य जलवायु परिवर्तनमा मुख्य भूमिका निभाउने मुलुकको नेतृत्व अमेरिकाको जो बाइडन र चीनको राष्ट्रपति सी चिनफिङ भने उपस्थित भएनन्। यसले दुई राष्ट्र अझ पनि यस मुद्दामा गम्भीर नभएको हो कि भन्ने संशय उत्पन्न गराएको छ।

जलवायु परिवर्तन हाल विश्वको चिन्ताको विषय बनेको छ। नेपालबाट प्रधानमन्त्रीस्तरमा यसपालिको उपस्थितिले हामी पनि अत्यन्तै गम्भीर र प्रताडित छौं है भनेर सन्देश दिएको छ। कोप सम्मेलनको दौरान यसपालि नेपालको आफ्नै छुट्टै कोठामा विभिन्न बैठक डाक्ने, राउन्ड टेबलको अध्यक्षता गरेको, राष्ट्रसङ्घको महासचिव बोल्नु र छलफल गर्नेसमेत गरेको थियो। यस लेखमा जलवायु परिवर्तन र यसले पार्ने मानव अधिकारमा प्रभावको सन्दर्भमा चर्चा गर्न खोजिएको छ।

जलवायु परिवर्तनको विषयले हाल विश्व आक्रान्त छ। इसिमोडको प्रतिवेदन अनुसार जलवायु परिवर्तनका कारण हिमाली क्षेत्रमा बसोवास गर्दै आएका २५ करोड तथा नदी किनारमा बस्दै आएका एक अर्ब ६५ करोड नागरिक सबैभन्दा बढी प्रभावित हुने औंल्याएको छ। जलवायु परिवर्तनका कारण विश्वव्यापी रूपमा तापक्रमको वृद्धि भइरहने हो भने सन् २१०० सम्म दुई तिहाइभन्दा बढी हिमनदी पग्लिएर सकिने तथ्याङ्कसहितको प्रतिवेदन सार्वजनिक भएको छ। इसिमोडले पाँच वर्ष लगाएर गरेको अध्ययनअनुसार जलवायु परिवर्तनलाई न्यूनीकरण गर्न भएका प्रयास असफल भएको खण्डमा केही हिमनदी पग्लिएर पानीको हाहाकार हुने र जनजीवनसमेत प्रभावित हुने देखिएको छ।

हरितगृह ग्यासको विश्वव्यापी उत्सर्जनमा नेपालको योग्दान वार्षिक ०.०२७ प्रतिशत छ। इसिमोडको प्रतिवेदन अनुसार नेपाल, तिब्बत र भारतमा सम्भावित खतरनाक हिमताल ४७ वटा भएको भनिन्छ। जसमा ४२ वटा कोसी जलाधार, ३ वटा गण्डकी जलाधार र २ वटा कर्णाली जलाधारमा छन्। नेपालतर्फका २१ वटा हिमताल भने कुनै पनि बेला फुट्न सक्ने कुरा औंल्याएको थियो। जल तथा मौसम विज्ञान विभागको अध्ययन (१९७१-२०१४) अनुसर नेपालमा वार्षिक ०.०५६ डिग्री सेल्सियसले तापक्रम बढिरहेको छ। सन् २०१७ को अध्ययन अनुसार यो दर हिमाली क्षेत्रमा ०.०८६ डिग्रीसम्म छ। ग्लोबल क्याइमेट रिस्क इन्डेक्सको सन् २०२१ को रेकर्ड अनुसार नेपाल जलवायु परिवर्तनबाट अति प्रभावित राष्ट्रमध्य विश्वको १० औं राष्ट्रमा परेको छ।

**मानव अधिकारमा पार्ने असर**

जलवायु परिवर्तन मानव जातिका लागि सबैभन्दा ठुलो स्वास्थ्य खतरा हो। वायु प्रदूषण, रोग, चरम मौसमी घटना, जबरजस्ती विस्थापन, मानसिक स्वास्थ्यमा दबाब र मानिसहरू बढ्न वा पर्याप्त खाना पाउन नसक्ने ठाउँमा बढ्दो भोक र खराब पोषणमार्फत जलवायु प्रभावले स्वास्थ्यलाई हानि पुर्‍याएको हुन्छ। जलवायु परिवर्तनले मानव अधिकारमा निम्नअनुसारका गम्भीर असर पार्ने देखिन्छ-

जीवनको अधिकार : नेचर मेडिसिन जर्नलमा प्रकाशित एक लेखअनुसार सन् २०२२ मा युरोपमा मात्र ६१,००० को ज्यान अत्याधिक गर्मीका कारण गएको पाइन्छ। क्यानडामा सन् २०२१ को जुन २५ देखि जुलाई १ सम्म भएको अत्यधिक गर्मीमा ६१९ जनाको ज्यान गएको थियो। विश्व स्वास्थ सङ्गठनको अध्ययनअनुसार ३.६ अर्ब मानिस अहिले नै जलवायु परिवर्तनको लागि अति संवेदनशील स्थानमा बस्छन्। सन् २०३० र २०५० को बिचमा जलवायु परिवर्तनले निम्त्याउने विपत् जस्तै कुपोषण, मलेरिया, झाडापखला र अत्यधिक गर्मीकै कारण वार्षिक २,५०,००० को मृत्यु हुने अनुमान गरिएको छ। नेपालमा पनि राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले तयार पारेको मनसुन पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना-२०७९ मा ५,८२५ वटा पहिरो र भारी वर्षाका घटनामा २,३६२ को मृत्यु भएको तथ्याङ्क छ।

मानव अधिकारको विश्वव्यापी घोषणापत्र अनुसार प्रत्येक नागरिकलाई बाँच्न पाउने अधिकार छ भने नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रले समेत हरेक मानिसलाई जीवनको अधिकार छ भनेर लेखेको हुँदा जलवायु परिवर्तनले यसलाई असर गरेको छ।

स्वास्थ्यसम्बन्धी अधिकारः- मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्रको धारा २५ र आर्थिक, सामजिक र सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको धारा १२ मा प्रत्येक नागरिकलाई शारीरिक र मानसिक स्वास्थ्यको उच्चतम स्तरको उपभोगको अधिकार छ। मानसिक तनाव, विस्थापन, जीविकोपार्जनको हानिले चिन्ता, अवसाद, र पोस्ट-ट्रमाटिक तनाव विकारमा योगदान दिन सक्छ। यसले मानसिक स्वास्थ्यलाई नकारात्मक रूपमा असर गर्छ। बाढी, आँधी र जङ्गली आगोले घरहरू र पूर्वाधार ध्वस्त पार्छ। मानिसलाई घरबारविहीन र थप स्वास्थ्य जोखिमको लागि कमजोर बनाउँछ। जलवायु परिवर्तनले मानव स्वास्थ्यका लागि आधारभूत खतरा प्रस्तुत गरेको छ। यसले भौतिक वातावरणका साथै प्राकृतिक र मानवीय प्रणालीका सबै पक्षको साथै सामाजिक र आर्थिक अवस्था र स्वास्थ्य प्रणालीलाई समेत असर गर्छ। जलवायु परिवर्तनसम्बन्धी अन्तर्सरकारी प्यानल (आईपीसी) छैटौं मूल्याङ्कन प्रतिवेदनले निष्कर्ष के निकालेको छ भने जलवायु जोखिम तीव्र रूपमा देखा परिरहेका छन्। पहिलेको अपेक्षाभन्दा चाँडै बढी गम्भीर हुनेछन्। बढ्दो विश्वव्यापी तापसँग अनुकूलन गर्न गाह्रो हुनेछ।

३. खाद्यसम्बन्धी हक : जलवायु परिवर्तनले खाद्य उत्पादन र वितरणमा बाधा पुर्‍याउँछ। यसले कुपोषण र सूक्ष्म पोषक तत्त्वहरूको कमी, प्रतिरक्षा प्रणालीलाई कमजोर बनाउँछ र रोगहरूको संवेदनशीलता बढाउँछ।

पानीको अभावः पिउने र सरसफाइको लागि सफा पानीमा सीमित पहुँचले पानीजन्य रोगहरू र सरसफाइसम्बन्धी रोगहरूको जोखिम बढाउँछ। विश्व भोकमरी सूचकाङ्कको रेकर्डअनुसार एक सय २५ देशको सूचीमा गएको वर्ष ८१ औं स्थानमा रहेको नेपाल यस वर्ष ११ स्थान सुधार गरी ६९ औं स्थानमा आएको छ।

जलवायु परिवर्तनले खाद्यान्न उपलब्धतामा बाधा पुर्‍याउन सक्छ, खानामा पहुँच घटाउन सक्छ र खानाको गुणस्तरलाई असर गर्छ। उदाहरणका लागि तापक्रममा हुने अनुमानित वृद्धि, वर्षाको ढाँचामा परिवर्तन, चरम मौसमी घटनामा परिवर्तन र पानीको उपलब्धतामा कमीले कृषि उत्पादकत्वमा कमी ल्याउन सक्छ। ग्रामीण जनसङ्ख्या, किसान, साना किसान र माछापालन गर्नेहरू, पशुपालकहरू, आदिवासी जनजातिहरू, न्यून आय भएका घरपरिवार, महिला र केटी र विश्वव्यापी दक्षिणका बालबालिका जलवायु-प्रेरित खाद्य असुरक्षा र भोकमरीबाट पीडित हुनेमध्ये सबैभन्दा बढी जोखिममा छन्।

४. आवासको अधिकारः- मानव अधिकारको विश्वव्यापी घोषणापत्रको धारा २५ र आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको धारा ११.१ मा आवासको हकको व्यवस्था गरिएको छ। इन्टरनेसनल डिस्प्लेसमेन्ट मनिटरिङ सेन्टरको एक अध्ययनअनुसार सन् २०२२ मा मौसम सम्बन्धित खतराले गर्दा लगभग ३ करोड २ लाख आन्तरिक विस्थापन भए जुन सन् २००८ देखि हालसम्म हेर्दा ४१ प्रतिशतले बढेको प्रतिनिधित्व गर्दछ। पाकिस्तानमा सन् २०२२ मा आएको बाढीले ३ करोडभन्दा बढी जनसङ्ख्या प्रत्यक्ष प्रभावित भएको भनिन्छ। झन्डै २० लाखभन्दा बढी मानिसलाई तत्काल सहयोगको खाँचो परेको थियो भने लाखौं घर ध्वस्त भएको

*बाँकी चार पृष्ठमा*

## बालविवाह विरुद्ध अपील
## "बालविवाह जिन्दगी तबाह"

**बालविवाह के हो ?**

महिला र पुरुषका बीचमा पतिपत्नीको सम्बन्ध कायम गराउने धार्मिक, सामाजिक कार्यलाई विवाह भनिन्छ। विवाह गर्न उपयुक्त भनि तोकिएको उमेर भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ। नेपालमा कानुनतः विवाह गर्ने उमेर २० बर्ष तोकिएको छ। त्यसैले २० वर्ष भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ। शारीरिक र मानसिक रुपमा परिपक्व नभई विवाह गर्नु र सन्तान जन्माउँदा विविध समस्या आउन सक्ने भएकोले विवाहका लागिउमेरको हदबन्दी तोकिएको हो।

**बालविवाहले निम्त्याउने समस्या यस्ता छन :**

१. शारीरिक तथा मानसिक रोगको शिकार हुने।
२. बालविवाहपछि स्वास्थ्यमा गम्भीर असर पर्ने जस्तै आङ्ग खस्ने, फिस्टुला हुने, आमा तथा शिशुको मृत्यु हुने
३. बालविवाहपछि बालबालिकाले शिक्षाबाट वञ्चित हुने।
४. घरेलु हिंसाको शिकार हुने र हिंसा सहन बाध्य हुने, कामको बोझ बोक्नु पर्ने
५. कमै उमेरमा सन्तान जन्माउँदा आमा तथा शिशुको मृत्यु हुने जोखिम उच्च हुने। अपाङ्गता भएका सन्तान जन्मन सक्ने।
६. विवाहपछि बालवालिकाको पढाइ बिग्रिने, बिरामी हुने, छिटो विवाह गर्दा छिटो बच्चा जन्मने, बालबालिकाको मानसिक शक्तिको विकास हुनबाट वञ्चित हुने।
७. आफ्नो शरीर र जीवनको बारेमा निर्णय गर्न सक्ने क्षमता नहुने।
८. व्यवहारिक कुरा बुझ्नन पाउँदै जीवन बर्बाद हुन सक्ने, यौनांगलाई हानी हुन सक्ने र परिवार चलाउन गार्हो हुने।

*बालविवाह, बालअधिकार, महिलाअधिकार, मानवअधिकारको हनन्मात्रै होइन, विकास र समृद्धिको बाधक पनि हो। तसर्थ बालविवाह नगरौं नगराऔं।*

**बालविवाह सम्बन्धी कानुनी ब्यवस्था :**

मुलुकी अपराध (संहिता) ऐन २०७४ को दफा १७३ मा बालबिवाह गर्न नहुने भनी स्पष्ट ब्यवस्था गरेको छ। यसैगरि सोहि दफाको उपदफा (१) ले बिवाह गर्ने ब्यक्तिको उमेर निर्धारण गरेको छ। जस अनुसार २० बर्ष नपुगी कसैले बालबिवाह गर्न वा गराउन हुदैन भन्ने ब्यवस्था गरेको छ। उपदफा १ बिपरित भएको बिवाह स्वतःबदर योग्य हुने छ। यसैगरि उपदफा (३) मा कसुर गर्ने ब्यक्तिलाई ३ बर्षसम्म कैद र ३० हजारसम्म जरिवाना हुने भनिएको छ। बालविवाह भएको ३ महिना भित्र उजुरी गरिसक्नु पर्ने ब्यवस्था कानूनले गरेको छ। तसर्थ, बालविवाहले बालबालिका मात्रै नभई परिवार, समाज र राष्ट्रलाई समेत गम्भीर असर गर्ने हुँदा बालविवाह नगरौं नगराऔं। बालविवाह रोक्न आजैदेखि पहल गरौं।

**अनुरोधकर्ता**

**रुपनी गाउँ कार्यपालिकाको कार्यालय, रुपनी, सप्तरी**

## विभिन्न विपद्को समयमा सतर्क रहौं

**चट्याङको समयमा**

१. बिजुली चम्केको बेला सतर्क रहने।
२. बिद्युतीय तरंग टिप्न सक्ने फलाम, चिसो बस्तु नछुने।
३. बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने।
४. सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुख्खा ठाउँमा बस्ने।
५. खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने।
६. सकभर अग्लो स्थानमा बस्ने।
७. धातुको ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने।

**भुकम्पको समयमा**

१. भुकम्प आएको बेला सतर्क रहने।
२. घरबाहिरको सुरक्षित स्थानमा पुग्न नभ्याइने हुनसक्छ। तुरुन्तै खाट, टेबुल, ढोकामुनी तथा घरभित्रकै अन्य सुरक्षित स्थानमा बस्ने।
३. अग्ला र कमजोर घर बिजुलीका खम्बा, ट्रान्सफर्मर, रुख तथा अन्य संरचनाहरु ढल्न सक्ने हुँदा त्यसबाट बच्ने।
४. भुईचालो थामिए पनि फेरि दोहरीन सक्ने हुँदा परिवारका सदस्य, मुल्यवान बस्तु संकटकालिन झोला आदी लिएर सुरक्षित स्थानमा निस्कने र उद्दार कार्यमा जुट्ने।
५. उपचारको ब्यवस्था तत्कालिन राहत तथा उद्दार कार्यमा थप सहयोगका लागि भुईचालोबाट क्षतिको सम्बन्धीत निकायमा तुरुन्त खबर गर्ने।

**आगलागिको समयमा**

१. आगलागिको बेला सतर्क रहने।
२ आगलागि नियन्त्रणको लागि घर बनाउँदा, बिद्युतीय वायरिङ गर्दा, भान्सा बनाउँदा, ग्यास, सलाई लाइटर चलाउँदा, चुरोट तान्दा, धुपबत्ति बाल्दा ध्यान पुर्‍याउने।
३. आगलागि नियन्त्रणको लागि चाहिने अग्निसमय Fire Extinguisher लगायतका आवश्यक संसाधनहरु तयारी अवस्थामा राख्ने।
४. भवन वा अन्य भौतिक संरचना निर्माणमा उपयुक्त स्थलगत योजना तयार गरी गुणस्तरीय निर्माण सामाग्रिको प्रयोग गर्ने।
५.आगलागिका सम्भावित क्षेत्रमा क्षति न्युनिकरण गर्नको लागि जोखिम क्षेत्रको नक्साङकन गरी सामाजिक जनचैतना अभिबृद्धि गर्ने।

**आकस्मिक सम्पर्क नम्बर : जिल्ला आपतकालिन कार्य संचालन केन्द्र सप्तरी -०३१५३३७६२**

**जनहीतका लागि जारि सन्देश : छिन्नमस्ता गाउँपालिका, सप्तरी**

# स्वास्थ्य बीमा कार्यक्रमको ब्ल्याक बक्स खोल्न पहल किन नगर्ने ?

**मुकेश अधिकारी**

करिब ५ वर्षको हेल्थ पोलिसी, हेल्थ इकोनोमिक्स र हेल्थ इकोनोमेट्रिक्सको अध्ययन र लगभग १० वर्षको नेपालको सरकारी स्वास्थ्य प्रणालीको अनुभवको आधारमा म यो लेखमा नेपालको स्वास्थ्य बीमा कार्यक्रमको बारेमा एउटा तर्क गर्दैछु । त्यो हो, नेपालको स्वास्थ्य बीमा कार्यक्रम एउटा ब्ल्याक बक्स हो, जुन नखोलीकन यो कार्यक्रममा पोलिसी डिर्पाचर गर्न र दिगो सुधार गर्न एकदमै कठिन छ ।

आफ्नो तर्कलाई सर्पोट गर्न म २ वटा बुदाँहरु व्याख्या गर्दैछु र समाधानको लागि थप आर्थिक भार नपर्ने केही उपायहरु सुझाउने प्रयास गर्दैछु । यो लेख म किन पनि लेख्दैछु भने स्वास्थ्य बीमा कार्यक्रममा विगत केही दिन यता नयाँ रक्तसंचार भएको अनुभव भएको छ । नयाँ नेतृत्वले हाजिरी भएदेखि नै लगभग दिनहुँ बीमा कार्यक्रममा केही न केही नयाँ निर्णयहरु गरेर सुधारको पहल गरेको देखिन्छ र केही गरिछाड्ने हुटहुटी स्पष्ट देखिन्छ ।

अब मेरो पहिलो बुदाँतर्फ जाऔं । विगत ८ वर्ष यता स्वास्थ्य बीमा बोर्डले प्रकाशित गरेको जानकारीहरुबाट इन्पुट र केही हदसम्म आउटपुट थाहा हुन्छ तर भित्र प्रोसेस कसरी भइरहेको छ, कत्ति पनि थाहा हुदैन । स्वास्थ्य बीमा कार्यक्रम सुरुवात भएदेखिका हालसम्मका सबै वार्षिक प्रतिवेदनहरु पढ्ने प्रयास मैले गरेको छु र त्यसमा मुलतः एउटा तथ्यांक देखेको छु ।

त्यो हो कार्यक्रम यतीवटा जिल्लाहरु र यतीवटा स्थानीय तहहरुमा विस्तार भयो, यती जनसंख्यालाई कभर गरयो, यती ड्रप आउट भए, यतीले रिन्यु गरे, स्वास्थ्य संस्थाको दाबी रकम यति थियो र यति भुक्तानी गरियो । यो जानकारी भन्दा अलिक फरक हिसाबले आर्थिक वर्ष २०७८/७९ को प्रतिवेदनमा चाँहि एउटा थप कुरा भेटियो त्यो हो, सो आर्थिक वर्षमा स्वास्थ्य संस्थाले रकम दाबी गर्दा पेश गरेको १० वटा उच्च रोगहरुको नाम र दाबी प्रतिशत, जुन प्रदेश अनुसार प्रस्तुत गरिएको छ। यो कदम सरहानीय छ तर के यी प्रतिवेदनहरुमा प्रस्तुत गरिएको तथ्यांकको आधारमा कार्यक्रममा भएको अन्र्तनीहित समस्याहरु र कार्यक्रम प्रभावकारी भएको छ कि छैन भन्ने मापन गर्न सकिन्छ ।

तितो यथार्थ, एक शब्दमा भन्न सकिन्छ, सकिँदैन। स्मरण रहोस्, म कुरा गर्दैछु अन्तर्नीहित समस्याको बारेमा । हो, सतही रुपमा वा अनुभवका आधारमा समस्या र समाधानका उपायहरु लिस्ट गर्न सकिएला तर त्यसरी गरिएको लिस्टमा अबजेक्टिभीटी हुदैन, मुख्यतया सब्जेक्टिभ धारणा हुन्छ, जुन मानिस अनुसार फरक फरक हुन्छ । अब किन सकिँदैन भन्नुहुन्छ होला । अन्तरनीहित समस्या बुझ्नका लागि प्रोसेसिङ कसरी भइरहेको छ बुझ्नुपर्छ । रिसर्चको भाषामा भन्ने हो भने स्वास्थ्य बीमा कार्यक्रम भित्र भईरहेका मेकानिजमहरु बारे हामी धेरै हदसम्म अनविज्ञ छौं । प्रतिवेदनमा प्रस्तुत गरिएका तथ्यांकहरु डिस्क्रिपटिप स्टाटिस्टिक्स हुन जसले तपाईको स्यामपलको विशेषताबारे भन्छ । तर यसको आधारमा बीमित मानिसहरु औषतमा कसरी विहेभ गर्दैछन भनेर केही भन्न सकिदैन ।

अर्थशास्त्रको एउटा सर्वमान्य सिदान्त छ कि मानिसहरु इन्सेन्टिभ प्रति रेन्सपन्स गर्छन् जसलाई “पिपुल रेर्पोन्ड इन्सेन्टिभ” पनि भन्ने गरिन्छ । सामान्य उदाहरण लिऔं, मानिसलाई आवश्यक पर्ने वा चाहना भएको सामानको मूल्य रु १०० थियो तर पसलले विशेष छुटमा रु ५० मा दिने अफर ल्यायो भने धेरै मानिसहरुले उक्त सामान किन्छन् । त्यसै गरी अर्को नेगेटिभ इस्सेन्टिभको उदाहरण लिऔं, चुरोट र रक्सीमा बढी कर लगाए मानिसहरुलाई स्वास्थ्यमा हानी गर्ने चिजहरुबाट विकर्षित गर्न गरिन्छ । यस्तो ईन्सेटिभहरु प्रतिको रेन्सपन्स मानिसहरुले फरक फरक रुपमा गर्छन् जसलाई बुझ्नु अत्यन्त आवश्यक छ र यसका आधारमा समाजको समग्र वेलफेयर हुने इन्टरभेन्सन गरिनुपर्छ भन्ने कुरामा धेरैजसो अर्थशास्त्रीहरुको विश्वास गर्छन् ।

अब यो सिदान्तलाई स्वास्थ्य बीमा कार्यक्रममा हेरौं। स्वास्थ्य बीमा पनि एक प्रकारको इन्सेन्टिभ हो । हालको सन्दर्भमा ३५०० रुपैयाँ तिरेर एक लाख सम्मको स्वास्थ्य उपचार पाउने व्यवस्था छ । मानिसहरु ३५०० रुपैयाँ तिरेर एक लाख सम्मको स्वास्थ्य सेवा पाउन स्वास्थ्य बीमामा आवद्ध भएपछि कसरी विहेभ गर्दैछन्, सुचिकृत भएका स्वास्थ्य संस्थाहरु, र त्यहाँका स्वास्थ्यकर्मीहरु कसरी रेन्पन्स गरिरहेका छन्, कुनै खास प्रकारको रेन्सपन्सले स्वास्थ्य बीमा कार्यक्रमको आर्थिक दिगोपनामा असर त गरिरहेको छैन, कुनै खास प्रकारको रेन्पन्सले विमितहरुलाई फाइदा वा घाटा त भइरहेको छैन ?

केही सामान्य उदाहरणहरु यस्ता हुन सक्छन: पैतीस सयले एक वर्षलाई काम गर्छ भन्ने थाहा पाएको र करिब ११ महिना एउटा पनि सेवा प्रयोग नगरेको परिवारका सदस्यहरु १२ औं महिनामा अनावश्यक रुपमा चेकजाँच वा टेस्ट त गरिरहेका छैनन् ? यदि त्यस्तो हो भने के सबैले त्यस्तो गरिरहेका छन् कि कुनै खास प्रकारका मानिसहरुले गरिरहेका छन् ? बढी भुक्तानी पाउने आशामा कुनै खास प्रकारको सेवाको दाबी कुनै खास स्वास्थ्य संस्थामा त बढी भइरहेको छैन ? के यस्ता रेन्पन्सहरु सिस्टमाटिक्स रुपमा त भइरहेका छन् । यी लगायत यस्ता कैयौं प्रश्नहरुको उत्तर हालसम्म प्रकाशित भएका प्रतिवेदन र अध्ययनहरुले दिन सकेको छैन । होला सतही रुपमा यी प्रश्नहरुको उत्तर कसैले दिन सक्ला तर म यहाँ कुरा गर्दैछु तथ्यांकको गहिरो विश्लेषणको आधारमा यी प्रश्नहरु खोतल्ने हालसम्म प्रयास गरिएको छैन ।

अब मेरो दोस्रो बुदाँतर्फ जाऔं, हालसम्म नेपालको स्वास्थ्य बीमा कार्यक्रमसित सम्बन्धित जति अध्ययन अनुसन्धान भएर पेपरहरु प्रकाशित भएका छन्, त्यसले कोरिलेसन वा एसोसियसन वा सामान्य भाषामा भन्नुपर्दा सम्बन्धको तहमा मात्र जानकारी दिन्छ, कारणको तहको विश्लेषण होइन । जस्तै उदाहरणको रुपमा: पहिलो सम्पर्क स्वास्थ्य संस्था १ किलोमिटर टाढा भएको कारणले बीमति भएर पनि कति प्रतिशत मानिसहरुले आवश्यक सेवा लिनबाट बन्चित भएका छन् ? के प्रिमियम तिरेका बीमितहरु र प्रिमियम नतिरेको बीमितहरु उस्तै हिसाबले विहेभ गरिरहेका छन् छ ? बीमा कार्यक्रमको प्रिमियमलाई रु २५०० बाट रु ३५०० मा लैजादाको सेवाग्राही र सेवाप्रदायकको रेन्पन्स कस्तो रह्यो ? स्वास्थ्य बीमा कार्यक्रमकै कारणले खल्तीबाट हुने स्वास्थ्यसम्बन्धी खर्च कति प्रतिशतले कम भयो ? यी लगायत यस्ता कयौं प्रश्नहरु अनुत्तरित छन् ।

स्वास्थ्य बीमासम्बन्धी कारण तहको अध्ययन आफैमा जटिल छ किनभने त्समा सेलेक्सन प्रोब्लम छ । सामान्य भाषामा यसलाई भन्नुपर्दा स्वास्थ्य बीमामा आवद्ध हुने मानिसहरु आधारभूत रुपमै आवद्ध नहुने मानिसहरु भन्दा फरक हुन्छन् जसले गर्दा अध्ययनमा राखिने कन्ट्रोल ग्रुप ट्रिटमेन्ट ग्रुप भन्दा फरक हुन्छ । यो समस्याको समाधान गर्न इकोनोमेट्रिकसमा धेरै उपायहरु हुन्छन्, तर मलाई थाह भएसम्म आजको दिनसम्म नेपालको स्वास्थ्य बीमा सम्बन्धी अध्ययनहरुमा यस्ता उपायहरुको प्रयोग भएको छैन ।

अब सवाल आउँछ, के यो ब्ल्याक बक्स खोल्न सकिन्छ त ? सकिन्छ, तर यसका लागि केही कुराहरुमा स्वास्थ्य बीमा बोर्ड उदार हुनुपर्छ । एक, नाम र पहिचान खुलाउन नसकिने व्यक्तिगत तहको दाबीसम्बन्धी डाटा अध्ययनकर्ताहरुलाई सहज रुपमा उपलब्ध गराउनुपर्छ । धेरै देशहरुमा दाबीसम्बन्धी डाटाहरुको गहन विश्लेषणकै आधारमा अध्ययनहरु गरेर स्वास्थ्य बीमा कार्यक्रममा परिमार्जन गर्ने गरिन्छ ।

तर विडम्बना, डाटा पाउनका लागि धेरै पटक विभिन्न माध्यमको प्रयोग गर्दा पनि असफल भएका म जस्ता कैयौं अध्ययनकर्ताहरुको आइडिया दिमाग वा कागजमै तुहिएका छन् । यदि सरकार वा स्वास्थ्य बीमा बोर्डले फ्रिमा आफ्नो कार्यक्रमको चिरफार गर्ने उत्सुक अध्ययनकर्ताहरु पाइरहेको छ भने तुरुन्तै एउटा डाटा सेयरिड कार्यविधि र डाटा प्रयोग एग्रिमेन्टसम्बन्धी व्यवस्था किन नगर्ने भन्ने प्रश्नको उत्तर मैले अहिलेसम्म भेटेको छैन । संसारमा म जस्ता धेरै पिएचडी अध्ययन गर्ने विद्यार्थीहरु र कम विकसित देशहरुमा बीमासम्बन्धी अध्ययन गर्ने प्राध्यापकहरु छन् । जसले स्वास्थ्य बीमाको डाटालाई प्रयोग गरेर बीमा बोर्डलाई महत्वपूर्ण सुझावहरु दिन सक्छन् । त्यो पनि फ्रिमा, वैज्ञानिक तवरले ।

दुई, स्वास्थ्य बीमा बोर्डले कुनै पोलिसी इन्टरभेन्सन गर्दा इकोनोमेट्रिक्ससम्बन्धी जानकारी भएका विज्ञहरुलाई राखेर कसरी माथि उल्लेख गरिएको सेलेक्सन प्रोब्लमलाई समाधान गर्ने भन्ने कुरा कार्यक्रम डिजाइन गर्ने बेलामै सोच्नुपर्छ ताकि त्यो पोलिसी इन्टरभेन्सनको प्रभावकारिता सही तरिकाले अध्ययन गर्न सकियोस् ।

उदाहरणको लागि चाँडै लागू हुदै गरेको कोपेमेन्ट प्रणाली सैदान्तिक रुपमा फजुल वा अनावश्यक खर्च रोक्ने राम्रो पोलिसी इन्स्ट्रुमेन्ट हो तर यो इन्टरभेन्सनले नसोचेको हानी हुन सक्छ, जस्तै केही निश्चित प्रकारका बीमितहरुले आवश्यक उपचारहरु पैसा तिनुपर्ने कारणले चाहदा चाहदै पनि छोड्न सक्छन्, जसले गर्दा त्यो समुहलाई फाइदा भन्दा बढी हानी हुन सक्छ । एउटा कुरा बुझ्नु अत्यन्त आवश्यक छ कि सही नियतले गरिएको पोलिसी इन्टरभेन्सनले सोचेको फाइदा मात्रै होइन कहिलेकाही नसोचेको हानी हुन सक्छ, त्यसैले इन्टरभेन्सनहरुको प्रभावकारिता मुल्यांकन गर्दै कार्यक्रमलाई परिस्कृत गर्दै लैजानुपर्छ ।

नेपालको सन्दर्भमा स्वास्थ्यमा सर्वव्यापी पहुँच ल्याउनका लागि स्वास्थ्य बीमा कार्यक्रम सफल नभैकन लगभग असम्भव छ । तर विडम्बना आठौं वर्षमा पुगिरहेको स्वास्थ्य बीमा कार्यक्रम अझैसम्म ब्ल्याक बक्सको रुपमा छ । यसलाई यथासिघ्र खोतलेर समस्या पत्ता लगाई सुधार गर्दै लैजानु अत्यन्त आवश्यक छ । स्वास्थ्य बीमा कार्यक्रम नेपालमा नयाँ छ, स्वास्थ्य बीमा बोर्ड सिक्दैछ, नीति निर्माण गर्ने अधिकारीहरु सिक्दैछन्, सुचिकृत भएका संस्थाहरु सिक्दैछन् र बीमितहरु सिक्दैछन् । तसर्थ यो सबैले आफ्नै आफ्नै तरिकाले सिकिरहेको स्वास्थ्य बीमालाई वैज्ञानिक तवरले गहिरो रुपमा बुझेर क्रमिक रुपमा किन सुधार नगर्ने, यस बारे सरोकारवाला पक्षहरुको ध्यान जानु अत्यन्त जरुरी छ । स्वास्थ्य खबरबाट

## *जलवायु परिवर्तन ...*

थियो । त्यस्तै ८० लाख मानिस विस्थापित हुनपर्यो । यसरी जलवायुजन्य विपत्ले आवासको अधिकारलाई पनि प्रभावित पारेको पाइन्छ ।

५. पानीसम्बन्धी अधिकार:- हिमनदी पग्लनेले सुरुमा पानीको उपलब्धता बढाउँछ । तर अन्ततः पानीको प्रवाह घटाउँछ । लामो समयसम्म पानीको अभावलाई बढाउँछ । हिन्दूकुश पर्वतले विश्वको १ अर्बभन्दा बढीलाई पानीको स्रोतको रूपमा सहज बनाएको छ । बाढी र आँधीले पानीका स्रोतहरू दूषित गर्न सक्छ । पानीको पूर्वाधारमा क्षति पुऱ्याउन सक्छ । सफा पानीको पहुँचलाई थप सीमित गर्न सक्छ । जलवायु परिवर्तन र जनसङ्ख्या वृद्धिका कारण पानीको बढ्दो मागले द्वन्द्व र दिगो पानी व्यवस्थापन अभ्यासहरू निम्त्याउन सक्छ । जलवायु सम्बन्धित प्रकोपले मानिसलाई सफा पानीको सीमित पहुँच भएका क्षेत्रमा स्थानान्तरण गर्न बाध्य पार्छ । बालबालिका, महिला र सीमान्तकृत समुदायहरू पानीको अभाव र सीमित विकास अवसरबाट असमान रूपमा प्रभावित छन् ।

६. विकाससम्बन्धी अधिकार:- लन्डनस्थित ग्लोबल थिङ्क ट्याङ्क ओभरसिज डेभलपमेन्ट इन्स्टिच्युटको प्रतिवेदनले भारतले सन् २०४० सम्ममा वार्षिक रूपमा आफ्नो जीडीपीको ३-१० प्रतिशत गुमाउन सक्ने र जलवायु परिवर्तनका कारण सन् २०४० मा गरिबी दर ३.५ प्रतिशतले बढ्न सक्ने देखाएको छ । सो प्रतिवेदनका अनुसार सन् १९७० र २०२१ को बिचमा, मौसम, जलवायु र पानीको कारण ११,७७८ विपद् रिपोर्ट गरिएको थियो । तिनीहरूले २०,८७,२२९ को मृत्यु र यूएस ४४.३ ट्रिलियन आर्थिक नोक्सान निम्त्यायो । यसरी खडेरी, बाढी र वर्षाको ढाँचामा परिवर्तनले कृषि उत्पादनमा बाधा पुऱ्याउँछ, खाद्य सुरक्षा र आर्थिक विकासलाई असर गर्छ । नेपालमा जल उत्पन्न प्रकोपको कारण ११ वर्षमा २३ सयभन्दा बढीको मृत्यु भएको छ भने १९ अर्बभन्दा बढीको क्षति भएको छ ।

अन्त्यमा बेलायतस्थित एक्सिटर विश्वविद्यालयका अनुसन्धानकर्ताले ग्लोबल चेन्ज बायोलोजी जर्नलमा सगरमाथालगायत हिमाली क्षेत्रमा बिरुवाहरू फैलिन थालेको एक अध्ययनले देखाएको थियो । ल्यान्डस्याट भू-उपग्रहको सन् १९९३-२०१८ सम्मको तथ्याङ्कलाई आधार मानेर गरेको उक्त अनुसन्धानले हिउँ तथा हिमनदी हुने स्थानको ५ देखि १५ गुणासम्म वनस्पति पाइएको उक्त अध्ययनले देखाएको छ ।

यो सुन्दा केही सकारात्मक कुरा भए पनि हिमाल हाम्रो चिनारी हो र यसमा जम्मा हुने हिउँको कमी आउनसाथ हुने अन्य जोखिमलाई नजरअन्दाज गर्न सकिन्न । त्यसै गरी जलवायु परिवर्तन मुद्दा जति गम्भीर छ, त्यति नै बढी चासो त्यसले गर्ने मानव अधिकारमा क्षतिको समेत छ, जुन भयावह देखिन्छ । नेपालले पनि अब जलवायु वित्त र सहयोग पाउन कूटनीतिक चनाखोपन र तदारुकता देखाउन सक्नु पर्छ । हामीले ४५ प्रतिशत भूभाग वनले ओगटेको र २०४५ सम्म नेट जिरोको लक्ष्य भेट्टाउने उद्घोष गरेको साथै सबैभन्दा जोखिममा पनि हामी नै भएको हुँदा जलवायु परिवर्तन र हाम्रो मानव अधिकारको विषय अबको दिनमा सँगसँगै उठाउनुपर्ने जरुरी देखिन्छ । पन्थी नेसनल ल कलेजमा बीएएलएलबीमा अध्ययनरत छन् । रातोपाटीबाट


## शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (व्यवस्था) गरौं ।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं ।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं ।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं ।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं ।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं ।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं ।
- चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं ।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं ।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको व्यवस्था मिलाऔं।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं ।

**अनुरोधकर्ता**

**महादेवा गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी**

# नेपालमा सजकता अपनाउन आग्रह

**काठमाडौं**/स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले छिमेकी मुलुकमा भारत र चीनमा कोरोनाको नयाँ भेरियन्ट देखापरेपछि नेपालमा सजकता अपनाउन आग्रह गरेको छ ।

भारत र चीनमा कोरोनाको नयाँ भेरियन्ट जेएन-१ फैलिरहेकाले नेपालमा पनि फैलिनसक्ने भएकाले मन्त्रालयले सजकता अपनाउन आग्रह गरेको हो ।

मन्त्रालयका प्रवक्ता डा प्रकाश बुढाथोकीले भीडभाड हुने स्थान जस्तै मेला, भोज, पार्टीलगायतमा मास्कको प्रयोग गर्नहुन, भौतिक दुरी कायम राख्नहुन र हातको सरसफाइमा ध्यान दिन सबैलाई अनुरोध गरेका छन् । उनले नेपालमा अणुवाङ्शिक अध्ययन गर्दा अहिलेसम्म उक्त नयाँ भेरियन्ट पुष्टि नभएको बताए ।

मन्त्रालयले विश्वका केही देशमा कोभिड-१९ को सङ्क्रमणको नयाँ भेरियन्ट जेएन-१ को जोखिम बढिरहेको र छिमेकी देशमा पनि सङ्क्रमण फैलिरहेकाले आवश्यक निगरानी एवं सम्बन्धित देशहरूसँग समन्वय गरिरहेको जनाएको छ ।

कोभिड-१९ को नयाँ सब भेरियन्टको बढ्दो सङ्क्रमणलाई ध्यानमा राख्दै प्रवेश विन्दुका सबै हेल्थ डेस्क, स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य संस्था तथा सबै सरोकारवालामार्फत आवश्यक स्किनिङ्ग र निगरानी भइरहेको उल्लेख गर्दै मन्त्रालयले नयाँ भेरियन्टको रोकथाम र उपचारको व्यवस्थापनका लागि तयारी अवस्था रहेको जनाएको छ ।

भारतमा कोरोनाको नयाँ भेरियन्ट जेएन वान देखिएपछि नेपालमा पनि जोखिम छ । भारतको दिल्ली, चन्डीगढ, बेंगलोर र हैदरावादलगायतका क्षेत्रबाट नेपाल आउनेमा कोरोनाको सङ्क्रमण देखिने गरेको छ ।

जेएन वान भारतसहित चीन, अमेरिका, सिंगापुर, इन्डोनेसिया, फिलिपिन्स, मलेसियालगायत देशमा फैलिइरहेको छ । डब्ल्यूएचओले हिउँदयाममा कोरोनासहित अन्य सङ्क्रमण फैलिन सक्ने चेतावनी दिँदै आएको छ । कोरोनाभाइरस र श्वासप्रश्वाससम्बन्धी अरु सङ्क्रमणबाट जोगिन भिडभाड भएको र बन्द ठाउँमा मास्क लगाउन, हाछ्युँ र खोकी आउँदा नाकमुख छोप्न, बेलाबेला साबुन पानीले हात धुन, कोभिडको लक्षण देखिए परीक्षण गराउन डब्लूएचओको सुझाव छ ।

# विभिन्न जातका विरुवाहरु रोपिए



**राजविराज**/१३ औं अन्तराष्ट्रिय युवा दिवसको अवसरमा विभिन्न जातका विरुवाहरु रोपिएका छन् ।

राजविराजस्थित शहिद साकेत चन्द्र मिश्र स्मृति पार्कमा मारवाडी युवा मञ्च राजविराजको अगुवाईमा नीम, अशोक, धुपी, सल्लो, कपुर तथा विभिन्न फलफुल लगायतका बिरुवा रोपिएको हो ।

बृक्षारोपण कार्यक्रममा मञ्चका अध्यक्ष आशिष जोशी, केन्द्रिय सदस्य बिसान्त जैन, वडा अध्यक्ष सुभाष चन्द्र यादव, वडा सदस्य रमानन्द देव, राजविराज जेसिजका अध्यक्ष उज्वल काबरा, उपाध्यक्ष विक्रम काबरा र संचारकर्मी लगायतको उपस्थिती रहेको थियो ।

राजविराजको मुख्य बजार क्षेत्रमा रहेको सो पार्कको सौन्दर्यकरणका लागी विभिन्न जातका ७५ भन्दा बढी बिरुवा रोपिएको मञ्चका उपाध्यक्ष एवं प्रवक्ता होमेश काबराले बताए ।

सो अवसरमा वडा अध्यक्ष यादवले यसको संरक्षण गरी पर्यटकिय स्थल बनाउन साधन श्रोतले भ्याए सम्म सहयोग गर्ने प्रतिबद्धता समेत जनाए ।


सूचना ! सूचना !! सूचना !!!

## कानको शल्यक्रिया हुने सम्बन्धी सूचना

यही मिति २०८० पौष २४ गते देखि २६ गते सम्म इम्प्याक्ट नेपाल, प्राथमिक कान उपचार केन्द्र राजविराज मा टिचिङ हस्पिटल महाराजगञ्ज, काठमाण्डौका नाक, कान, घाँटी विभागका विशेषज्ञ डाक्टर तथा भूतपूर्व प्रमुखहरूद्वारा कानको शल्यक्रिया (Operation) शिविर हुने भएको व्यहोरा सम्पूर्ण सेवाग्राहीहरुमा जानकारी गराउन चाहन्छौं । तसर्थ कानका रोगीहरूले समयमा नै आफ्नो कानको जाँच गराई मौकाको फाईदा उठाउनु हुन अनुरोध छ ।





शल्यक्रिया हुने स्थान : प्राथमिक कान उपचार केन्द्र राजविराज-९, मलेठ, सप्तरी

दर्ताको लागि सम्पर्क स्थान :
प्राथमिक कान उपचार केन्द्र, राजविराज-९, मलेठ, सप्तरी
मिति : २०८०/०९/२४, २५ र २६ गते (ता. 9, 10 र 11, Jan. 2024)
सम्पर्क नम्बर: 031-590005, 9804742280, 9742270784
प्राथमिक कान उपचार केन्द्र, माईघाट, उदयपुर
सम्पर्क नम्बर : 035-423652, 9811732021, 9842840054

IMPACT Nepal
Committed to the Prevention of Disability
इम्प्याक्ट नेपाल, प्राथमिक कान उपचार केन्द्र
राजविराज-९ मलेठ, सप्तरी


# महिला हिंसा के हो र कसरी कम गर्न सकिन्छ

**महिला हिंसा**

महिला विरुद्धका हिंसा विशेष रूपमा महिलाको विरुद्धमा हुने सम्पूर्ण हिंसात्मक कार्यहरू हुन् । यस्तो प्रकारको हिंसाले कुनै पिडितको लिङ्गलाई प्राथमिकतामा राखेर कुनै विशेष समूहलाई लक्षित गरेको हुन्छ । यस्तो हिंसा लिङ्गमा आधिरित हुन्छ अर्थात महिला भएकै कारण कसैले यस्तो हिंसाको शिकार बन्नु परेको हुन्छ । महिलामाथि हुने हिंसा भन्नाले महिलाको जन्मपूर्व देखि मृत्यु नहुन्जेल सम्मको अवस्थामा महिला भएकै कारणबाट हुने विभिन्न खाले विभेदपूर्ण व्यवहार शोषण शारीरिक, मानसिक तथा यौनिक यातनाहरू र दुर्व्यवहारलाई बुझाउँछ । यस्ता हिंसा महिला विरुद्ध महिला र पुरुष दुवैले गर्ने गरिन्छ । यसले समाज विकासको क्रमलाई प्रत्यक्ष र परोक्ष रूपमा प्रभाव पारिरहेको हुन्छ । खास गरी महिलाहरूको जैविक बनावटलाई आधार बनाएर समाजले महिलाहरूलाई गर्ने व्यवहारले हरेक महिलाको प्रगतिको बाधक बनिरहेको अवस्था रहेको छ । परम्परागत मूल्य मान्यताका आधारमा गरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन् । घरेलु हिंसाका कारण होस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको सङ्ख्या उल्लेख्य छ । आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा साँस्कृतिक लगायत मानवअधिकारका आधारभूत अधिकारहरुबाट महिलाहरू वन्चित छन् । राज्य वा गैरराज्यबाट गरिने लैंगिक भेदभाव त छँदैछ त्यसमा पनि परम्परागत मूल्य मान्यताकाआधारमागरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन् । त्यसै भएर आज भोलि घरेलु हिंसाका कारणहोस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको संख्या उल्लेख्य छ ।आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा साँस्कृतिकलगायत मानवअधिकारका आधारभूत अधिकारहरूबाटमहिलाहरू वन्चित छन् । समाजमा जस्तो सुकै परिवर्तन भए पनि महिलाले परिवर्तनको अनुभूति गर्न सकेका छैनन् र महिलामाथि हुनेहिंसाका घटनामा कमी आउन सकेको छैन ।

**महिला हिंसा अन्त्य गर्ने उपाय**

महिलाको लागि शिक्षामा पहुँच र सम्पत्तिमाथिको स्वामित्व स्थापितगरी कुरीति र कुसंस्कारको रूपमा रहेको विधुवा प्रथा, घुम्टोप्रथा, बाल तथा अनमेल बिबाह प्रथाको अन्त्य गरिनुपर्छ । त्यसका लागि महिला हिंसा विरूद्ध बनेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनको व्यवहारिक कार्यान्वयनसँगै बोक्सी प्रथा र घरेलु तथा महिलाहिंसा विरूद्धको कडा कानून निर्माण, दाईजो दिने वा लिनेलाई कडाकारवाही गरी कुनैपनि खाले भेदभाव विरूद्ध दण्ड र सजायको व्यवस्था हुन सके मात्र महिलामाथि हुने हिंसा कम गर्न सकिन्छ ।

जनहीतका लागि : शम्भुनाथ नगर कार्यपालिकाको कार्यालय, कठौना, सप्तरी

# अन्तर्राष्ट्रिय समाचार

## गाजामा युद्ध अन्त्य गर्न संयुक्त राष्ट्रसङ्घीय मानवीय सहायता प्रमुखको आह्वान

**संयुक्त राष्ट्रसङ्घ**/संयुक्त राष्ट्रसङ्घका मानवीय मामिलासम्बन्धी उपमहासचिव मार्टिन ग्रिफिथ्सले गाजामा जारी युद्ध अन्त्य गर्न आह्वान गर्नुभएको छ । अक्टोबर ७ मा प्यालेष्टिनी कट्टरपन्थी इस्लामिक समूह (हमास)ले इजरायलको दक्षिणी सिमानामा गरेको भयानक आक्रमणको तीन महिनासम्म पनि गाजा मृत्यु र निराशाको थलो बनेको उहाँले शुक्रबार बताउनुभएको हो ।

उहाँले भन्नुभयो, "हामी गाजाका जनता र यसका खतरामा परेका छिमेकीहरूका लागि मात्र होइन, तर भावी पुस्ताका लागि पनि युद्धको तत्काल अन्त्यको माग गर्दछौँ । युद्धले यी ९० दिनको कहालिलाग्दो हिंसा र मानवतासम्बन्धी सबैभन्दा आधारभूत नियमहरूमाथिको आक्रमणलाई कहिल्यै बिर्सने छैनन् ।"

"यो समय युद्धरत पक्षहरूले नागरिकहरूको सुरक्षा र आधारभूत आवश्यकताहरू पूरा गर्न र सबै बन्धकहरूलाई तुरुन्तै रिहा गर्ने अन्तर्राष्ट्रिय कानुन अन्तर्गत आफ्ना सबै दायित्वहरू पूरा गर्ने समय हो," उहाँले भन्नुभयो ।

अन्तर्राष्ट्रिय समुदायले आफ्नो सम्पूर्ण प्रभाव प्रयोग गरेर युद्धरत पक्षलाई युद्धविराम गर्नका लागि दवाव दिने वेला आएको छ । युद्धभएको करिब तीन महिना बितिसक्दा पनि गाजाको मानवीय अवस्था दयनीय छ । अधिकांश महिला र बालबालिकाहरूसहित करिब २३ हजार मानिस मारिएका छन्, दशौं हजार व्यक्ति घाइते भएका छन् भने लाखौं व्यक्ति युद्धका कारण विस्थापित र प्रभावित भएका छन् ।

तापक्रम घटेसँगै विस्थापित परिवारहरु खुला ठाउँमा सुतिरहेका छन् । सर्वसाधारणलाई आफ्नो सुरक्षाका लागि अन्यत्र सार्न भनिएको क्षेत्रमा बमबारी भएको छ । चिकित्सा संस्थाहरू निरन्तर आक्रमणमा परेका छन् । आंशिकरूपमा सञ्चालनमा रहेका केही अस्पतालहरू ट्रमाका बिरामीहरूले भरिएका छन्, सबै आपूर्तिहरूको गम्भीर अभाव छ, र सुरक्षाको खोजीमा मानिसहरूले हताश बनेका छन् । जनस्वास्थ्यमा विपत्ति आइपरेको छ ।

भीडभाड हुने आश्रयस्थलहरूमा ढलहरू बग्दै जाँदा सङ्क्रामक रोगहरू फैलिरहेका छन् । यो अस्तव्यस्तताका बीच दैनिक करिब १८० प्यालेस्टिनी महिलाले बच्चा जन्माइरहेका छन् । मानिसहरूले अहिलेसम्मकै उच्च स्तरको खाद्य असुरक्षाको सामना गरिरहेका छन् । भोकमरीको जोखिम नजिकिएको छ ।

विशेष गरी बच्चाहरूको लागि, विगत १२ हप्ताहरू निकै दर्दनाक बनेका छन् । उनीहरूका लागि कुनै खाना छैन । पानी छैन । विद्यालय छैन । उहाँले भन्नुभयो, "युद्धको डरलाग्दो आवाजबाहेक दिनदिनै अरू केही सुनिँदैन", ग्रिफिथ्सले भन्नुभयो, "त्यहाँका मानिसहरूले आफ्नो अस्तित्वका लागि दिनहुँ खतराहरू देखिरहेका छन् र संसारले हेरिरहेको छ ।" एजेन्सी

## उत्तरी इथियोपियामा खडेरीका कारण १८ लाख मानिस प्रभावित

**इथियोपिया**/इथियोपियाको उत्तरी क्षेत्र अम्हारामा खडेरीका कारण १८ लाखभन्दा बढी मानिस प्रभावित भएको इथियोपियाली अधिकारीले शुक्रबार बताएका छन् । अम्हारा क्षेत्र विपद् रोकथाम तथा खाद्य सुरक्षा आयोगका आयुक्त टेस्फाउ बाटाबलका अनुसार खडेरीका कारण कृषि उत्पादनमा व्यापक क्षति पुगेको र मुलुकका नौ क्षेत्रका १८ लाख ४६ हजार ९८५ जना प्रभावित भएका छन् ।

खडेरीका कारण अम्हारा क्षेत्रका जनावर र मानिस दुवै भोकमरीमा परेका छन् । इथियोपियाली सञ्चारमाध्यमहरूले बेटबेललाई उद्धृत गर्दै लेखेका छन्, "खडेरीका कारण भएको क्षति लाई कम गर्न अम्हारा क्षेत्र प्रशासनले प्रभावितहरूको सहयोगका लागि करिब ७७ लाख अमेरिकी डलर छुट्याएको छ ।"

गत शनिबार इथियोपियाका सञ्चारमन्त्री लेजेस टुलुले इथियोपियाका विभिन्न क्षेत्रमा खडेरीका कारण ३८ लाख मानिस प्रभावित भएको बताउनु भएको थियो । संयुक्त राष्ट्रसङ्घीय बालकोषको शनिबार सार्वजनिक प्रतिवेदनमा इथियोपियामा जलवायु परिवर्तनको प्रभावका कारण मानवीय अवस्था झनै बिग्रिएको उल्लेख गरिएको छ । एजेन्सी

## कङ्गोमा भारी बर्षाका कारण तीन सय जनाको मृत्यु

**किन्सासा**/प्रजातान्त्रिक गणतन्त्र कङ्गोमा भारी वर्षाका कारण आएको बाढीमा कम्तीमा तीन सय जनाको मृत्यु भएको एक मन्त्रीले शुक्रबार बताउनुभएको छ । सामाजिक मामिला, मानवीय कार्य र राष्ट्रिय ऐक्यबद्धता मन्त्री मुटिङ्गा मुतुइशायीले विपद् कम्तिमा ४३ हजार सात सय ५० घरहरु भत्किएको बताउनुभएको छ । उहाँले सरसफाइ र सफा पानीको अभावमा महामारीको जोखिमबारे पनि चेतावनी दिनुभयो ।

मन्त्रीले कङ्गोली अधिकारीहरूलाई मानवीय टोलीहरूलाई सहयोग गर्न अन्तराष्ट्रिय एकताको लागि आह्वान गर्दै पीडितहरूलाई मद्दत गर्न तुरुन्तै कोष जारी गर्न आग्रह गर्नुभयो । एजेन्सी

# जनमूखीको साधारण सभा सम्पन्न




**राजविराज**/जनमुखी बहुउद्देश्यीय सहकारी संस्था राजविराजको २२ औं साधारण सभा शनिबार सम्पन्न भएको छ।

आयोजित सभामा मधेश प्रदेशका शिक्षा तथा संस्कृती मन्त्रि महेश प्रसाद यादवले सहकारीको विकासका लागि सबै क्षेत्रले इमान्दारीपूर्वक काम गर्नु पर्नेमा जोड दिएका छन्। हाल सहकारी क्षेत्रमा देखिएका केही व्यथितिलाई सुधार गर्दै अगाडी बढ्नु पर्ने सुझावसहित यसका लागि सबैजना इमान्दारिताका साथ अघि बढ्नु पर्ने बताए।

संस्थाका अध्यक्ष सचिन्द्र देवले आफ्नो प्रतिवेदन प्रस्तुत गर्दै हाल २ करोड ८५ लाख ७४ हजार ३ सय शेयर पूजी रहेको जानकारी दिएका छन्। उनले आ.ब. २०७९/८० मा ९६ करोड ९२ लाख ९९ हजार ३ सय ७८ निक्षेप संकलन, ९४ करोड ५० लाख ८१ हजार ८ सय ६३ निक्षेप फिर्ता, २० करोड १० लाख ५६ हजार ९ सय १८ ऋण लगानी तथा २० करोड ३१ लाख ६४ हजार ४ सय ७७ रुँपैया ऋण असुली भएको वार्षिक प्रतिवेदनमार्फत सार्वजनिक गरे।

सभामा राष्ट्रिय सहकारी बैंकका संचालक सदस्य तथा मधेश प्रदेश संयोजक विश्वनाथ मण्डल, राष्ट्रिय सहकारी बैंक शाखा राजविराजका प्रमुख बिरबल कुमार राजवंशी, वडा नं. ४ का अध्यक्ष दिनेश साह, जिल्ला सहकारी संघका प्रबन्धक रमेश गुप्ता, पत्रकार नवीन कुमार गुप्ता, संचालक समिति सदस्य देवनारायण चौधरी, शैलेन्द्र मण्डल लगायतले शुभकामना मन्तव्य दिएका थिए।

# प्रभु बचत तथा ऋण सहकारीले कारोबार बढाउँदै




**राजविराज**/राजविराजस्थित प्रभु बचत तथा ऋण सहकारी संस्था लिमिटेडले आफ्नो १२औं साधारण सभा सम्पन्न गरेको छ।

१२औं साधारणसभा तथा १३औं वर्षमा प्रवेश गरेको अवसरमा शनिबार आयोजित कार्यक्रममा अध्यक्ष सरफराज अन्सारीले अध्यक्षीय प्रतिवेदन प्रस्तुत गर्दै बचतकर्ताको विश्वास र कर्मचारीको इमान्दारीता र महिनेतले संस्था अघि बढेको बताए।

उनले हाल संस्थाको शेयर पूँजी ८३ लाख भन्दा बढी पुगेको जनाए। संस्थामा अहिले ६ हजार शेयर सदस्य पुगेको बताउँदै उनले ग्राहकको विश्वास तथा सहकारी विश्वास, नियमकारी निकायको नीति, निर्देशन तथा राष्ट्रिय सहकारी बैंक र नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघको मापदण्ड पूरा गर्दा यस्तो सफलता मिलेको जनाए।

संस्थाले २०७९/८० मा करिब १७ करोडको कारोबार गरि १२ लाख रुँपैया खुदनाफा आर्जन गर्न सफल भएको संस्थाका व्यवस्थापक राजकुमार साहले जानकारी दिए।

गरिबी निवारण र समाज उत्थानको मूल उद्देश्य बोकेको संस्थाले विगत १२ वर्षको अवधीमा बचत तथा ऋणका साथै शिक्षा, स्वास्थ्य, रोजगार लगायतको क्षेत्रमा समेत विशेष कार्यक्रमहरु संचालन गर्दै आएको लेखा समितिका संयोजक मो. समि असगरले बताए।

साधारण सभामा प्रमुख अतिथि राष्ट्रिय सहकारी बैंकका संचालक सदस्य तथा मधेश प्रदेश संयोजक विश्वनाथ मण्डल, बचत तथा ऋण सहकारी संघ सप्तरीका पूर्व अध्यक्ष तोयाप्रसाद पोखरेल, राष्ट्रिय सहकारी बैंक शाखा राजविराजका प्रमुख बिरबल कुमार राजवंशी लगायतले संस्थाको उत्तरोत्तर प्रगतिको कामनासहित सहकार्यमार्फत सहकारीको विकास गर्नुपर्ने सुझाव दिएका थिए।

# अस्पताल विवादमा झडप हुँदा एकको मृत्यु

**सर्लाही**/सर्लाहीको बरहथवामा नगर अस्पताल सञ्चालनको विषयमा विवाद बढ्दा आन्दोलनकारी र प्रहरीसँग भएको झडपमा एक जनाको मृत्यु भएको छ।

मृत्यु हुनेमा बरहथवा नगरपालिका वडा नं. ६ का २७ वर्षीय जयशंकर साहको मृत्यु भएको प्रहरीले जनाएको छ।

मृत्यु भएपछि जिल्ला प्रशासन कार्यालय सर्लाहीले एक सूचना प्रकाशन गरि विवाद भएको क्षेत्रमा कफ्यु आदेश जारि गरेको थियो।

नगर अस्पतालको भवनको स्वामित्वको विषयमा असन्तुष्ट स्थानीयले शुक्रबार विहान नगरपालिका कार्यालय घेराउ गरेपछि प्रहरीसंग झडप भएको हो। अस्पताल भवन मधेस प्रदेश सरकारले चलाउने की नगरपालिकाले भन्ने विषयमा विवाद भएको हो।

सर्लाहीका प्रमुख जिल्ला अधिकारी कोमलप्रसाद धमलाले स्थानीयवासी र प्रहरीबीच भएको झडपमा परी साहको मृत्यु भएको जनाएका छन्।

स्थानीय वासिन्दाले नगर अस्पताल नगरपालिकाले नै चलाउनुपर्ने माग गर्दै आएका छन्। प्रदर्शन नियन्त्रणका लागि प्रहरीले दर्जनौं सेल अश्रुग्यास र हवाई फायर गरेको थियो। स्तरोन्नती गरी ५० शैया बनाइएको अस्पताल प्रदेश सरकारलाई हस्तान्तरण गर्ने नगर्ने विषयमा चर्को विवाद हुँदै आएको छ।

### श्रोत नखुलेको ५ लाख ...

सार्वजनिक गरिएको छ। बरामद रुँपैयाको नेपाली मुल्य ८ लाख ४७ हजार ९ सय ५२ रुँपैया हुन आउँछ।

सप्तरीको राजगढ गाउँपालिका २ स्थित झौरहा चौकमा भारतीय नम्बर बीआर ५०बी१५४२ नम्बरको मोटरसाइकल चढीआएका यादवसँग श्रोत नखुलेको रकम भएको तथा अवैध कारोबार भइरहेको सूचनाको आधारमा पुगेको प्रहरी टोलीले मोटरसाइकल र नगदसहित उनलाई नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता डिएसपी ढुण्डिराज नेउपानेले जानकारी दिए।

पक्राउ परेका यादवलाई थप अनुसन्धानका लागि इटहरीस्थित आन्तरिक राजश्व कार्यालय पठाउने तयारी भइरहेको प्रहरीले जनाएको छ।


# बालविवाह विरुद्ध अपील

## "बालविवाह जिन्दगी तबाह"

**बालविवाह के हो ?**

महिला र पुरुषका बीचमा पतिपत्नीको सम्बन्ध कायम गराउने धार्मिक, सामाजिक कार्यलाई विवाह भनिन्छ। विवाह गर्न उपयुक्त भनि तोकिएको उमेर भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ। नेपालमा कानुनतः विवाह गर्ने उमेर २० वर्ष तोकिएको छ। त्यसैले २० वर्ष भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ। शारीरिक र मानसिक रुपमा परिपक्व नभई विवाह गर्नु र सन्तान जन्माउँदा विविध समस्या आउन सक्ने भएकोले विवाहका लागिउमेरको हदबन्दी तोकिएको हो।

**बालविवाहले निम्त्याउने समस्या यस्ता छन :**

१. शारीरिक तथा मानसिक रोगको शिकार हुने।
२. बालविवाहपछि स्वास्थ्यमा गम्भीर असर पर्ने जस्तै आङ्ग खस्ने, फिस्टुला हुने, आमा तथा शिशुको मृत्यु हुने
३. बालविवाहपछि बालबालिकाले शिक्षाबाट वञ्चित हुने।
४. घरेलु हिंसाको शिकार हुने र हिंसा सहन बाध्य हुने, कामको बोझ बोक्नु पर्ने
५. कमै उमेरमा सन्तान जन्माउँदा आमा तथा शिशुको मृत्यु हुने जोखिम उच्च हुने। अपाङ्गता भएका सन्तान जन्मन सक्ने।
६. विवाहपछि बालवालिकाको पढाइ बिग्रिने, बिरामी हुने, छिटो विवाह गर्दा छिटो बच्चा जन्मने, बालबालिकाको मानसिक शक्तिको विकास हुनबाट वञ्चित हुने।
७. आफ्नो शरीर र जीवनको बारेमा निर्णय गर्न सक्ने क्षमता नहुने।
८. व्यवहारिक कुरा बुझ्नन पाउदै जीवन बर्बाद हुन सक्ने, यौनांगलाई हानी हुन सक्ने र परिवार चलाउन गाह्रो हुने।

*बालविवाह, बालअधिकार, महिलाअधिकार, मानवअधिकारको हननमात्रै होइन, विकास र समृद्धिको बाधक पनि हो। तसर्थ बालविवाह नगरौं नगराऔं।*

**बालविवाह सम्बन्धी कानुनी व्यवस्था :**

मुलुकी अपराध (संहिता) ऐन २०७४ को दफा १७३ मा बालबिवाह गर्न नहुने भनी स्पष्ट व्यवस्था गरेको छ। यसैगरि सोहि दफाको उपदफा (१) ले बिवाह गर्ने व्यक्तिको उमेर निर्धारण गरेको छ। जस अनुसार २० बर्ष नपुगी कसैले बालबिवाह गर्न वा गराउन हुदैन भन्ने व्यवस्था गरेको छ। उपदफा १ बिपरित भएको बिवाह स्वतःवदर योग्य हुने छ। यसैगरि उपदफा (३) मा कसुर गर्ने व्यक्तिलाई ३ बर्षसम्म कैद र ३० हजारसम्म जरिवाना हुने भनिएको छ। बालविवाह भएको ३ महिना भित्र उजुरी गरिसक्नु पर्ने व्यवस्था कानूनले गरेको छ। तसर्थ, बालविवाहले बालबालिका मात्रै नभई परिवार, समाज र राष्ट्रलाई समेत गम्भीर असर गर्ने हुँदा बालविवाह नगरौं नगराऔं। बालविवाह रोक्न आजैदेखि पहल गरौं।

**अनुरोधकर्ता**

**सुरुङ्गा नगर कार्यपालिकाको कार्यालय, कदमाहा, सप्तरी**



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्। हाम्रो सेवाहरु

**नेपाल सहकारी संस्था लि.**

राजविराज ४, फोन नं. ०३१-५३१०९६

ipay remit | City Express Money Transfer | Best Remit Quick & Easy | Prabhu Money Transfer | IME International Money Express | himal remit हिमालरेमिट | CG Money


**प्रकाशक** : श्रीमती सुमित्रा गुप्ता, **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सह-सम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *saptahiknavin@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*